नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १७७ २०७९ साल माघ २९ गते आइतबार (12 Feb. 2023 Sunday) मूल्य रु. ५/-




Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : चुरे संरक्षणमा चुनौती बन्दै ३ पृष्ठमा : माओवादी एकता र रूपान्तरणका ... ३ पृष्ठमा डब्लुएओद्वारा युरोपमा तत्काल..

## स्थानीय तहमा दलितको पहुँच भएपनि अधिकारमा पहुँच भएन : समाजिक विकास मन्त्री साह




**दैनिक समाचारदाता**
**जनकपुर, २८ माघ ।**

मधेश प्रदेशका समाजिक विकास मन्त्री सुरिता कुमारी साहले स्थानीय तहमा दलितको पहुँच भएपनि अधिकारमा पहुँच हुन नसकेको बताएकी छिन् ।

दलित सरोकार मञ्चल सप्तरीको आयोजनामा दलित शसक्तिकरण ऐन २०६८ कार्यान्वयनको अवस्था तथा आगामी दिनमा कार्यपाकिा सदस्यहरुको भुमिका विषय अन्तरक्रिया कार्यक्रममा मन्त्री साहले सो कुरा बताएकी हुन् ।

उनले स्थानीय तहतहरुमा सरकारले अनिवार्य दलितको सिद्धान्त पछि दलितको पहुँच कार्यपालिकामा भएपनि उनीहरुलाई अधिकारबाट अझै बञ्चित हुन परेको बताईन् ।

कार्यक्रममा प्रदेशसभा सदस्य शारदा दास पहाडीले उत्पीडित समुदायलाई सामाजिक बहिष्करणबाट मुक्त गर्न विशेष अधिकारको ग्यारेण्टी हुनुपर्ने बताईन् ।

उनले आरक्षण शासक वर्गको खल्तिमा हुन्छ, सकारात्मक भएको बेला दिन्छ र अलि उसलाई असहज जस्तो भएमा खोस्छ भन्दै विशेष अधिकार उत्पीडित समुदायको हातमा हुन्छ, उसले प्रयोग गर्न पाउँछ भने ।

तत्कालिन नेकपा माओवादीले जनयुद्धका बेलामा मुक्तिको लागि विशेषशाधिकारको अवधारणा अगाडि सारेको समेत बताए । विशेषाधिकार राजनीतिकसँग र आरक्षण सामाजसँग जोडिएको बताउँदै आरक्षण संसारबाट असफल भइसकेकोले अब विशेष अधिकारमा जानुपर्ने बताए ।

कार्यकारी निर्देशक भोला पासमानल दलितले अधिकार न खोसेसम्म अधिकार नपाइने भएकाले संगठित रुपमा संघर्ष गर्नुको विकल्प नभएको बताए । राजनीतिक पार्टीका नेताहरुले सत्तामा पुग्न दलित मुक्तिका नारा लगाउने तर सत्तामा पुगेपछि आफैले लगाएका नारा नै भुल्ने गरेको बताए ।

संञ्जाल धनुषा जिल्लाको १८ स्थानीय तहको दलितबाट प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य तथा वडा सदस्यहरु सहभागि कार्यक्रममा दलित समुदायको अधिकार, तथ्यमा आधारित पैरवी, सहभागितामूलक कार्यप्रणाली लगायतको विषयमा छलफल भएको थियो ।

सोही कार्यक्रममा मन्त्री साहले दलित सरोकार मञ्च नेपालले प्रकाशन गरेको दलित समुदायको अधिकार सम्बन्धी व्यवस्था पुस्तिका बिमोचन गरेकी छिन । भोला पासवानले तयार गरेको उक्त पुस्तिकामा नेपालको संविधान विभिन्न ऐन कानुन नियमावली, कार्यविधिमा दलित अधिकार सम्बन्धी व्यवस्थाहरु समेटिएको छ ।

कार्यक्रममा मधेश प्रदेशसभामा निर्वाचित दलित समुदायका प्रदेशसभा सदस्यहरु रञ्जुकुमारी मण्डल खंग, सकुतीदेवी महारा, निलमकुमारी रजक, पल्टीदेवी महरा र शारदा दास (पहाडी) दासलाई मञ्चका निर्देशक पासवानले सम्मान गरेका थिए भने कार्यक्रममा स्वागत मन्तव्य मञ्चका कार्यक्रम संयोजक सुनिल कुमार सरवरियाले गरेका थिए ।

## बढी शेयर पूँजी भएका सहकारीलाई राष्ट्र बैंकले नियमन गर्ने

काठमाडौँ, २८ माघ (रासस) ।

बचत तथा ऋणको कारोबार गर्ने ठूला सहकारी संस्थालाई नेपाल राष्ट्र बैंकको नियामकीय क्षेत्राधिकारभित्र ल्याउन लागिएको छ ।

शुक्रबार प्रतिनिधिसभामा दर्ता भएको 'सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९' ले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन गरेर यस्तो व्यवस्था ल्याउनुपर्ने प्रस्ताव गरेको हो । "रु पच्चिस करोडभन्दा बढी शेयर पूँजी भएका वा वार्षिक रु ५० करोडभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सहकारीसम्बन्धी प्रचलित कानूनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरीवेक्षणको काम नेपाल राष्ट्र बैंकले गर्नेछ", विधेयकमा भनिएको छ ।

ऐनमा संशोधन गरेर बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धमा निर्देशन तथा मापदण्ड जारी गर्ने अधिकार पनि नेपाल राष्ट्र बैंकलाई दिन लागिएको छ । उक्त विधेयकमार्फत सहकारी ऐन, २०७४ मा पनि संशोधन गर्न

*बाँकी अन्तिम पृष्ठमा*

**जग्गा बिक्रिमा**

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## बालविवाह तथा बहुविवाह गरेको कसुरमा एक वर्ष तीन महिना कैद सजाय

**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

पन्ध्र वर्षीया बालिकासँग बालविवाह तथा बहुविवाह गरेको कसुरमा एक अभियुक्तलाई शुक्रबार एक वर्ष तीन महिना कैद सजाय गरिएको छ ।

जिल्ला न्यायाधीश हेमन्त रावलको इजलाशले आरोपितलाई बहुविवाहको कसुरमा सप्तरीको कञ्चनरुप नगरपालिका ११ गोरपारका ३६ वर्षीय चन्द्रनारायण धामीलाई एक वर्ष र बालविवाहको कसुरमा तीन महिना कैद सजाय गरेको हो ।

*बाँकी अन्तिम पृष्ठमा*

**बोलबम ! बोलबम !! बोलबम !!!**

**यही मिति २०७९ साल फाल्गुन ६ गते महाशिवरात्री पर्व पर्न गएको हुँदा सो अवसरमा सप्तकोशी ब्यारेजको पवित्र जल काँवरमा ल्याई प्राचीन महादेव श्री हरिनन्देश्वर महादेव मन्दिरमा जल रिसाल गरी पूण्यको भागी बनौं ।**

**अनुरोधकर्ता**
**श्री हरिनन्देश्वर महादेव मन्दिर**
**संरक्षण, सम्बर्द्धन समिति, राजविराज**

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**हाम्रा विशेषताहरु**

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय** : बिहान ८:३० देखि ५:०० बजेसम्म

# चुरे संरक्षणमा चुनौती बन्दै क्रसर उद्योग

धनुषा, २८ माघ (रासस)।

वन, वनस्पतिलगायत जैविक विविधताका दृष्टिकोणले समृद्ध मानिने चुरे शृङ्खलाबाट बग्ने नदीनालाको अत्यधिक दोहनले चुरे क्षेत्रको संरक्षण चुनौतीपूर्ण बन्दै गएको छ। जथाभावी रुपमा ढुङ्गा, गिट्टी र बालुवा उत्खनन गरेपछि चुरे जोखिमा परेको हो।

समुन्द्री सतहदेखि छ सय १० मिटरदेखि एक हजार आठ सय ७२ मिटरसम्मको भू-क्षेत्रचुरे क्षेत्र हो।नेपालको दक्षिणी भागमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको, कमजोर र पत्रे चट्टानले बनेको भू-भाग नै चुरे हो। चुरेले सातै प्रदेशका ३७ जिल्लाको १८ लाख ९६ हजार दुई सय ५१ हेक्टर ओगटेको छ।

चुरे जैविक र प्राकृतिक दृष्टिकोणले महत्वपूर्ण र उपयोगी छ। हावापानी समशीतोष्ण भएकै कारण चुरेमा विभिन्न वन्यजन्तुका साथै साल, सिसौं, खयर, अमला, हर्रो, बर्रोलगायत औषधिजन्य बिरुवा प्रशस्त पाइन्छन्। जैविक विविधता तथा प्राकृतिक सम्पदाले धनी मानिएको चुरे कमजोर भू-बनोटका कारण संवेदनशील क्षेत्रका रूपमा चिनिन्छ।

बढ्दो जनघनत्वका कारण वन पैदावारमा अत्यधिक चाप बढेपछि चुरे क्षेत्रमा वन विनाश बढेको छ। क्षयीकरणले पर्यावरणीय समस्यासमेत देखिएको छ। सरकारले चुरे संरक्षणका लागि प्रत्येक वर्ष लाखौं खर्च गर्ने गरे पनि वन, जङ्गल र खोला किनारमा अवैध रुपमा क्रसर उद्योग सञ्चालन गर्दा यसको संरक्षणमा चुनौतीपूर्ण बनेको छ। धनुषा र महोत्तरीको सिमानामा पर्ने रातु खोला वरिपरि मात्र पाँचक्रसर उद्योग अवैधरूपमा सञ्चालित छन्।

सरोकारवाला निकाय यसलाई रोक्नगम्भीर नेदेखिँदा वन विनाश अत्यधिक बढेको छ। क्रसर उद्योग सञ्चालकले नदी खोलाबाट जथाभावी ढुङ्गा, बालुवा र गिट्टी उत्खनन गर्दा तटबन्धसमेत जोखिममा छन् किसाननगरकी रीता भट्टराई जथाभावी बालुवा झिक्दा तटबन्ध भत्किने खतरा बढेको बताउनुहुन्छ।

घरेलु तथा साना उद्योग कार्यालयले क्रसर उद्योग सञ्चालन गर्दा तोकेको मापदण्डअनुसार खोला किनार तथा राजमार्गदेखि पाँच सय मिटर टाढा हुनुपर्ने, शिक्षण संस्था, स्वास्थ्य संस्था, सांस्कृतिक पुरातात्विक महत्वका स्थान, सुरक्षा निकाय, वन, निकुञ्ज, आरक्ष र घनाबस्तीदेखि दुई सय मिटर तथा चुरे क्षेत्रदेखि एक किलोमिटर टाढा हुनुपर्ने व्यवस्था गरेको छ। तर सो मापदण्ड पूरा नगरी क्रसर उद्योग सञ्चालनमा छन्। घरेलु तथा साना उद्योग कार्यालयले त्यसतर्फ चासो नदिँदा समस्या भएको स्थानीयवासीको गुनासो छ।

नदी तथा खोला उत्खनन गरी ढुङ्गा, गिट्टी र बालुवाजिल्ला बाहिर तथा भारततर्फ निकासी गरिँदै आएको छ। स्थानीय तहले आम्दानीको लोभमा नदी तथा खोला ठेक्का लगाउने गरेका छन्। अन्धाधुन्धरुपमा चुरेउत्खनन गरिएपछि नदी तथा खोलाको बहाव परिवर्तन हुने गरेको छ।

सामुदायिक वन उपभोक्ता महासङ्घ मधेस प्रदेशका अध्यक्ष सोमप्रसाद शर्माचुरेमा जथाभावी रुपमा क्रसर उद्योग सञ्चालन गर्दा तराईमा भू-क्षयको जोखिम बढेको बताउनुहुन्छ।उहाँले भन्नुभयो, “यसलाई रोक्न ठोस नीति आवश्यक छ। अवैधरुपमा सञ्चालित क्रसर उद्योगतत्काल बन्द गर्नुपर्छ।”

हालै नेपाल वन प्राविधिक सङ्घले चुरे विनाशको सामाजिक र आर्थिक प्रभावबारे अध्ययन अनुसन्धान गरेको छ।पसाहा, भेडाहा, चाँदी, चारनाथ र तावा खोलाको जलाधार क्षेत्रको अध्ययनपछि प्राप्त तथ्याङ्कका अनुसार तावा खोलाको बहावका कारण बर्सेनि सर्वसाधारणले ज्यान गुमाउने गरेका छन्। चुरे क्षेत्रका विषयमा विद्यावारिधि गर्नुभएका महोत्तरीको भङ्गहा-७ का डा विजयकुमार सिंहबस्ती नै सकिने गरी बढेको बाढीको जोखिमनिदानका लागि समाधान खोज्नुपर्ने बताउनुहुन्छ। चुरेमा अव्यवस्थित बसोबास, विकासका नाममा सडक विस्तार, वैज्ञानिक अध्ययनबिना पहाड भत्काउने, चुरे र नदीमा हुने अनियन्त्रित उत्खननलगायत कारणले वन विनाश बढेको बताउनुभयो।

“अधिकांश बस्ती जोखिममा छन्”, डा सिंहले भन्नुभयो, “चुरे संरक्षण नगरे मधेस क्षेत्र डुबानमा पर्छ, उब्जाउ जग्गा मरुभूमिमा परिणत हुनेछ।”सङ्घ, प्रदेश र स्थानीय तहले चुरे संरक्षणको नीति बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो।

महोत्तरीको बर्दिबास नगरपालिकाले जथाभावी उत्खनन रोक्न पहल थालेको छ। नगरप्रमुख प्रल्हाद क्षेत्रीले स्थानीय प्रहरीप्रशासनको सहयोगमा जथाभावी उत्खनन रोक्दै आएको बताउनुभयो। जिल्लाका १५ स्थानीय तहमध्ये बर्दिबास, भङ्गाहा र गौशाला क्षेत्रमा अत्यधिक मात्रामा क्रसर उद्योग सञ्चालनमा छन्।

राष्ट्रपति चुरे तराई-मधेस संरक्षण कार्यक्रमको गुरुयोजना बनाएर काम थालेको आठ वर्षमा सरकारले संरक्षणका लागि रू १० अर्ब ८१ करोड खर्च गरेको छ। चुरे संरक्षणमा आर्थिक वर्ष २०७७/७८ मा रू एक अर्ब ६० करोड, आव २०७८/७९ मा रू एक अर्ब ५३ करोड तथा चालू आवमा रू एक अर्ब ५५ करोड विनियोजन गरेको छ। सरकारले आव २०६६/६७ देखि चुरे संरक्षण कार्यक्रमका लागि खर्च गर्दै आएको छ। विसं २०७१ असार २ गते राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति गठन गरेको थियो।

# राज्यकोष दुरुपयोगलाई अनुसन्धानको दायरामा ल्याइनेछ : प्रमुख आयुक्त

काठमाडौँ, २८ माघ (रासस)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले राज्यकोष दुरुपयोग र दोहन गर्नेलाई अनुसन्धानको दायरामा ल्याइने बताउनुभएको छ।

आयोगको ३२औँ स्थापना दिवसका अवसरमा आज यहाँ आयोजित कार्यक्रममा प्रमुख आयुक्त राईले पूर्वाधार निर्माण बर्सेनि ठूलो रकम खर्च भए पनि आवश्यक गुणस्तर कायम हुन नसकेको र तिनको दिगो व्यवस्थापन गर्न नसक्दा स्रोतको दुरुपयोग बढेको बताउनुभयो। उहाँले विकासका पूर्वाधारको निर्माणमा स्रोतको दुरुपयोग बढेको उल्लेख गर्नुभयो।

पूर्वाधार निर्माणमा आवश्यकताको पहिचान नगरी अध्ययन, खरिद र ढिलासुस्ती गर्दा स्रोतको दुरुपयोग बढेको जिकिर गर्दै प्रमुख आयुक्त राईले भन्नुभयो, “राज्यकोषको दुरुपयोग र दोहन बढेको छ। तीनै तहका सरकारबाट स्रोतको सुनिश्चितता र पर्याप्त पूर्वतयारी विना ठेक्का लगाइएका कतिपय महत्वपूर्ण आयोजना अधेरै छन्। यस्ता कार्यमा संलग्न सबैलाई अनुसन्धानको दायरामा ल्याइनेछ।”

विकास निर्माण वा अन्य कामका लागि परामर्श सेवा लिने, सम्भाव्यता अध्ययन वा विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने तर कार्यान्वयन नगर्ने पदाधिकारीलाई समेत अनुसन्धानको दायरामा ल्याइने उहाँले बताउनुभयो। पूर्वाधार निर्माणका लागि यन्त्र उपकरण खरिद गर्ने तर उपयोग नगर्ने र वर्षौं वर्षसम्म अधुरै रहेका आयोजनामा संलग्न पदाधिकारीमाथि अनुसन्धान अघि बढाइएको प्रमुख आयुक्त राईले सो अवसरमा जानकारी दिनुभयो।

“सरकारी स्रोतको हानिनोक्सानी तथा दुरुपयोगसम्बन्धी उजुरी बढेको छ। जलविद्युत्, उद्योग तथा वस्तु र सेवाको उत्पादन र परिवहनमा अनुमतिपत्रसम्बन्धी व्यवस्थामा एकाधिकार र कार्टेलिङबारे आयोगले निगरानी र छानबिन कगरिरहेको छ”, उहाँले भन्नुभयो। प्रमुख आयुक्त राईले प्राकृतिक स्रोत, खासगरी ढुङ्गा, गिट्टी र बालुवा जथाभावीरुपमा उत्खनन र दोहन गर्ने कार्य नियन्त्रण गर्न जरुरी रहेको बताउनुभयो। प्राकृतिक स्रोतको व्यवस्थित र दिगो उपयोग आजको आवश्यकता भएको उल्लेख गर्दै उहाँले यी क्षेत्रमा हुने र भइरहने अनुचित दोहन, अनियमितता र मस्यौदा उपर आयोग निर्भिक तवरले लागिपरेको बताउनुभयो।

सरकारी कोषबाट नियमित अनुदान लिई कागजी रुपमा मात्र सञ्चालन भएको देखाउने तर कार्यस्थलमा अस्तित्वसम्म नभेटिने जिकिर गर्दै प्रमुख आयुक्त राईले यस सम्बन्धि छानबिन अघि बढाएको जानकारी दिनुभयो। राजस्व चुहावट, चोरी, निकारी, पैठारी, न्यून बिजकीकरण तथा राजस्व छली नियन्त्रण गरी राजस्व प्रशासनमा सुधार गर्न उहाँले सुझाव दिनुभयो।

प्रमुख आयुक्त राईले सार्वजनिक क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्ने, जिम्मेवारी, जवाफदेहिता र उत्तरदायित्व बढाउने, सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउने तथा समाजमा भ्रष्टाचार विरोधी संस्कृतिको विकास गर्न सुझाव दिनुभयो। नेपाल भ्रष्टाचारको सूचाङ्कमा अझै जोखिमपूर्ण स्थानमा रहेको भन्दै उहाँले सचेतसमेत गराउनुभयो।

कार्यक्रममा आयोगका आयुक्त किशोरकुमार सिलवालले सूचना सञ्जालीकरण र आधुनिक प्रविधिसँगै भ्रष्टाचारको स्वरुप, तौरतरिका र आयाममा परिवर्तन भएको बताउनुभयो। उहाँले भन्नुभयो, “प्रविधिको विकाससँगै बदलिँदो भ्रष्टाचारको स्वरुप, तौरतरिका र आयाम तथा सीमाहीन अपराधका रुपमा विस्तार हुँदै गएको भ्रष्टाचार कुनै अमुक संस्था र राष्ट्रको मात्र नभएर अन्तर्राष्ट्रिय चासो र चुनौतीको विषय बन्न पुगेकाले नियन्त्रणमा साझा प्रतिबद्धता आवश्यक छ।”

स्थापना दिवसका अवसरमा आयोगले भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनमा योगदान पुर्‍याउने पत्रकार, लेखक, उत्कृष्ट अनुसन्धानकर्ता र उत्कृष्ट अख्तियार कर्मचारीलाई पुरस्कृत गरेको थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# बीस कानुन संशोधनका लागि विधेयक दर्ता

काठमाडौँ, २८ माघ (रासस)।

‘सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९’ संसद्मा दर्ता भएको छ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले शुक्रबार उक्त विधेयक दर्ता गराएको सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिनुभयो। चालु अधिवेशनमा दर्ता भएको यो पहिलो विधेयक हो।

सम्पत्ति शुद्धीकरणसँग जोडिएका २० वटा कानुन संशोधन गर्न लागिएको छ। प्रतिनिधिसभामा दर्ता भएको उक्त विधेयकमार्फत निकासी पैठारी (नियन्त्रण) ऐन २०१३, पानी जहाज दर्ता ऐन २०२७, मालपोत ऐन २०३४, पर्यटन ऐन २०३५, भवन ऐन २०५५, दामासाहीसम्बन्धी ऐन २०६३, धितोपत्रसम्बन्धी ऐन २०६३, नेपाल राष्ट्र बैंक ऐन २०५८, मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ र कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन २०७० मा संशोधन गर्न लागिएको छ।

त्यस्तै, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन २०६४, पारस्परिक कानुनी सहायता ऐन २०७०, सङ्गठित अपराध निवारण ऐन २०७०, विद्युत् नियमन आयोग ऐन २०७४, सहकारी ऐन २०७४, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०७५ र बीमा ऐन २०७९ मा संशोधन गर्न लागिएको छ। मुलुकी अपराध संहिता २०७४ र मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ मा पनि विधेयकमार्फत संशोधनको प्रस्ताव गरिएको छ।

निकासी पैठारी (नियन्त्रण) ऐनमा संशोधन गरेर ‘व्यापार पारदर्शिता इकाइ’ गठनको व्यवस्था राख्न लागिएको छ। यस्तो इकाइको व्यापारमा पारदर्शिता कायम गर्न स्थापित अन्तरदेशीय निकायसँग समन्वय गर्ने मुख्य काम रहनेछ।

मालपोत ऐनमा संशोधन गरेर घरजग्गासम्बन्धी कारोबार

*बाँकी अन्तिम पृष्ठमा*

# माओवादी एकता र रूपान्तरणको प्रक्रियामा : प्रधानमन्त्री दाहाल

काठमाडौं, २८ माघ (रासस) ।

प्रधानमन्त्री तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी क्रमशः एकता र रूपान्तरणको प्रक्रियामा गएको बताउनुभएको छ । उहाँले माओवादीको भविष्य उज्ज्वल भएको उल्लेख गर्नुभयो ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज नेपाल दलित मुक्ति मोर्चाको केन्द्रीय समितिको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले भन्नुभयो, "निर्वाचनपछि हामीले सरकारको नेतृत्व गर्ने अवसर पाएका छौं । यो हाम्रा लागि चुनौतीपूर्ण छ । यसको भरपुर सदुपयोग गरेर देश र जनताका निम्ति राम्रो परिणाम दिनैपर्दछ । एक्लो प्रधानमन्त्रीले मात्रै गरेर सबै चीज हुँदैन, केन्द्र, प्रदेश र स्थानीय तहका सरकार सबैले राम्रो गर्दा देशमा राम्रो परिणाम आउँछ । पार्टीका पनि सबै नेता-कार्यकर्ताले जनताको हितअनुसार काम गरेर देशलाई परिणाम दिनैपर्छ ।"

सामाजिक न्याय, सुशासन र समृद्धि सरकारको प्राथमिकता भएको उल्लेख गर्दै उहाँले उक्त लक्ष्य हासिल गर्न सिङ्गो देशलाई एकताबद्ध बनाएर लैजानुपर्नेमा जोड दिनुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "स्थायी समिति बैठकले सरकारलाई प्रभावकारी बनाउन पार्टीका तर्फबाट भूमिका खेल्ने निर्णय गरेको छ । पार्टीको दुईमहिने सङ्गठनात्मक अभियान चलाउँदैछौं ।"

पार्टी एकता र समाजवादी मोर्चाको तयारी गरिरहेको उल्लेख गर्दै उहाँले सम्भव हुने पार्टीसँग तत्काल एकता गर्ने तथा तत्काल एकता सम्भव नहुने पार्टीसँग समाजवादी मोर्चा बनाएर एकताको आधार तयार पार्ने बताउनुभयो । प्रधानमन्त्री दाहालले भन्नुभयो, "अहिले पनि अप्ठ्यारा छन्, चुनौती छन् । ती सबैलाई हामी छिचोल्छौं र अगाडि बढ्छौं । अर्को निर्वाचनसम्म जाँदा हाम्रो पार्टी फेरि शक्तिशाली भएर आउँछ । देशको वैकल्पिक शक्ति हामी नै हौं भन्ने तथ्य परिणामबाट स्थापित हुन्छ । त्यसरी हेर्दा मैले माओवादी पार्टीको भविष्य उज्ज्वल नै देखिरहेको छु, हामी फेरि उचाइका साथ अघि बढ्छौं ।"

**माओवादी नेतृत्व नै सर्वमान्य**

प्रधानमन्त्री दाहालले गत पुस २६ गते प्रतिनिधिसभाबाट प्राप्त मतले माओवादी आन्दोलनलाई न्याय भएको बताउनुभयो । उहाँले भन्नुभयो, "प्रतिनिधिसभामा जुन विश्वासको मत प्राप्त भयो । त्यो इतिहासकै अभूतपूर्व रहयो । त्यसले माओवादी आन्दोलनप्रति न्याय भएको छ, यसको नेतृत्वप्रति न्याय भएको छ । त्यो मत प्रधानमन्त्रीलाई प्राप्त मत मात्र होइन, परिवर्तनको नीति र नेतृत्वलाई प्राप्त मत हो । यसले उत्पीडित वर्ग, जाति, क्षेत्र र लिङ्गप्रति पनि न्याय भएको मैले महसुस गरेको छु ।"

संसद्मा झन्डै शतप्रतिशत मत प्राप्त गर्नु सामान्य कुरा नभएको उल्लेख गर्दै उहाँले त्यसको ऐतिहासिक महत्व भएको बताउनुभयो । "माओवादी नेतृत्वले मात्र देशलाई एकताबद्ध गर्नसक्छ, सबै दललाई मिलाएर लैजान सक्छ । माओवादी नेतृत्वले मात्र राष्ट्रिय सहमति कायम गर्न सक्छ । त्यसैले हाम्रो आन्दोलन र नेतृत्व देशको सर्वमान्य भएको छ", प्रधानमन्त्री दाहालले भन्नुभयो ।

**उत्पीडित नजागी कसैले दयाले अधिकार दिँदैन**

बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री दाहालले आफ्नो अधिकार प्राप्तिका लागि उत्पीडित नै अग्रसर हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हिजो ठूलो आन्दोलन र बलिदानी गर्‍यौं । त्यसको बलमा धेरै अधिकार प्राप्त भएका छन् । त्यो पर्याप्त छैन, तर ती केही पनि होइनन् भन्ने होइन । अहिले फेरि परिवर्तन विरोधी शक्ति जनताका अधिकार कुण्ठित गर्न लागिरहेका छन् । उत्पीडित आफैं नजागी र आफैं अग्रसर नभइकन दयाले कसैले अधिकार दिँदैन ।"

दलित समुदायको सङ्घर्ष र भूमिकाबिना राजनीतिक परिवर्तन सम्भव नभएको उल्लेख गर्दै उहाँले नेपालको क्रान्तिकारी आन्दोलनमा दलितको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "शान्ति प्रक्रियामा आएपछि हाम्रो विचार र संस्कृतिमा स्खलन, हिजोका क्रान्तिकारी निर्णय र संस्कारबाट हामी पछाडि फर्केजस्तो अनुभूति हुन्छ । प्रगतिशील संस्कार मिचिएका छन् । सामन्ती पितृसत्तात्मक सोच ब्युँतिन खोज्दैछन्, पुरानो वर्ग र सत्ता फेरि हावी हुन कोसिस गरिरहेको छ । यसलाई रोक्न उत्पीडित जागरुक हुनैपर्छ । आफ्नो अधिकार प्राप्तिका लागि योगदान गर्ने पार्टी, नीति र नेतृत्वको पक्षमा उभिनुपर्छ ।"

बैठकमा प्रधानमन्त्री दाहालले सरकारको नीति, कार्यक्रम तथा बजेटमा दलितका माग र मुद्दा सम्बोधन गर्न सरकारले उच्च प्राथमिकता दिने बताउनभयो ।

# जनकपुरलाई धार्मिक पर्यटकीय नगरी बनाउँदै उपमहानगर

जनकपुरधाम, २८ माघ (रासस) ।

मधेस प्रदेशको राजधानी रहेको धनुषाको जनकपुरधाम पौराणिक र ऐतिहासिक पर्यटकीयस्थलको रुपमा परिचित छ । जानकी, राममन्दिर, विवाहमण्डप, मणिमण्डप, स्वर्गद्वार, राजदेवी, जनक मन्दिर, गङ्गा आरती, शिव, सङ्कटमोचन, लक्ष्मण, कपिलेश्वर, कुपेश्वरनाथ महादेव, हनुमानगढीलगायत मन्दिर यहाँ अवस्थित छन् ।

महर्षि जनकको पुण्यभूमि र माता जानकीको पवित्र जन्मस्थलको रुपमा देश विदेशमा परिचित यस क्षेत्रको अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् ।

मुख्यगरी यहाँ माता जानकीको मन्दिर दर्शन गर्न आउने छन् । आवश्यक व्यवस्थापकीय काम भएमा जानकी मन्दिरको अवलोकन गर्न आउनेले केही दूरीमा रहेका अन्य मन्दिरसमेत अवलोकन गरी आनन्द लिन सक्छन् । यिनै मठमन्दिर अवलोकनका लागि उचित योजना निर्माण र व्यवस्थापन हुन नसक्दा धार्मिक पर्यटकले सोचेअनुसार आनन्द लिन सकेका छैनन् ।

पहिलो पटक जनकपुर आउनुभएकी काठमाडौंकी हीरादेवी बिसीले मठमन्दिरको हिसाबले सुन्दर ठाउँ भए पनि पार्किङ, प्रतीक्षालय र छाडा पशुचौपायाको व्यवस्थापन हुन सके अझ सहज हुने बताउनुभयो । "मन्दिर दर्शन गर्न आएकाले सडक छेउमै गाडी राख्नुपर्ने अवस्था छ, मन्दिर घुमिसकेपछि थकाइ मार्ने उपयुक्त बस्ने ठाउँको पनि व्यवस्थापन रहेनेछ", उहाँले भन्नुभयो, "स्थानीय सरकारले उपयुक्त पार्किङस्थल, सफा शौचालय र बसेर आराम गर्न मिल्ने ठाउँको व्यवस्था गरेको भए राम्रो हुने थियो ।"

जनकपुरधाम उपमहानगरपालिकाले भने धार्मिक पर्यटकका यस्तै गुनासालाई सम्बोधन गर्न धार्मिक क्षेत्र सुधारका काम गरिरहेको जनाएको छ । उपमहानगर प्रमुख मनोजकुमार साहले आफ्नो प्रमुख प्राथमिकतामध्ये धार्मिक पर्यटनलाई टेवा पुग्ने गरी विकासका गतिविधि गर्नु रहेको बताउनुभयो । उहाँले धार्मिक पर्यटकलाई लक्षित गरी योजनाबद्ध रुपमा धार्मिक क्षेत्र सुधारका काम अगाडि बढाइएको बताउनुभयो ।

"जनकपुरलाई धार्मिक पर्यटन नगरीका रुपमा विकास गर्न सोहीअनुसार मैले योजना बनाएको छु", नगरप्रमुख साहले भन्नुभयो, "त्यही योजनाअनुसार फोहरमैला व्यवस्थापन, पार्किङ निर्माण र फुटपाथ निर्माणको काम हुँदैछ ।" जनकपुरधाम उपमहानगरपालिका-८ स्थित दशरथ मन्दिर छेउमा बनाउन लागिएको सुविधा सम्पन्न पार्किङ सोही योजनाको सुरुआती भएको उहाँले बताउनुभयो ।

बाह्र कट्ठाभन्दा बढी जग्गामा बन्न लागेको सुविधासम्पन्न पार्किङले जनकपुरधाममा रहेका मन्दिरको दर्शन गर्न आउने पर्यटक लाभान्वित हुने अपेक्षा गरिएको छ । "अन्य समस्या त छँदैछन्, मुख्यरुपमा मन्दिर दर्शन गर्न आउने धार्मिक पर्यटकले गाडी सडक छेउमै पार्किङ गर्नुपर्ने अवस्था छ । जसले ट्राफिक व्यवस्थापनमा पनि कठिनाई भइरहेको छ", नगरप्रमुख साहको भनाइ छ, "यस समस्यालाई मध्यनजर गरी वडा नं ८ स्थित दशरथ मन्दिर छेउमा पर्किङ बन्दैछ । यसको निर्माणपछि सहजरुपमा गाडी पार्किङ गरेर पैदल हिँडेर मुख्य धार्मिकस्थलको अवलोकन गर्न सघाउ पुग्नेछ ।"

उपमहानगरपालिकाका वरिष्ठ इन्जिनियर वीरेन्द्रकुमार यादवले करिब रु पाँच करोड लागतमा बन्न लागेको पार्किङस्थलमा प्रतिक्षालय, सार्वजनिक शौचालय, कार्यालय, सानो व्यापारिक क्षेत्रसहितको संरचना रहने बताउनुभयो । "धार्मिक पर्यटकलाई लक्षित गरी बन्ने यो पार्किङका लागि चालु आर्थिक वर्षमा रु ६० लाख बजेटमा माटो भरण, कम्पाउण्ड वालसहित प्रारम्भिक कार्य हुनेछ", इन्जिनियर यादवले भन्नुभयो, "आगामी दुई वर्षमा निर्माण सम्पन्न गर्ने गरी हामीले योजना बनाएका छौं, त्यसपछि अहिले धार्मिक पर्यटकले भोग्ने समस्या केही हदसम्म समाधान हुनेछ ।"

अव्यबस्थितरुपमा सवारीसाधन पार्किङका कारण नगरक्षेत्रमा ट्राफिक व्यवस्थापनमा समेत सघाउ पुग्ने उपमहानगरपालिकाको विश्वास छ ।

उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले पनि धर्म, संस्कृति र मठमन्दिरले जोडेको जनकपुरलाई सजाउने, सिगार्ने र सुन्दर बनाउने काममा उपमहानगरपालिकाले आवश्यक काम गर्ने बताउनुभयो । उहाँले जनकपुरलाई धार्मिक पर्यटकीय नगरीका रुपमा विकास गर्न मन्दिरको सौन्दर्यीकरण, सडकपेटी निर्माण र छाडा पशुचौपाया व्यवस्थापनको काम गरिने बताउनुभयो । तर, यहाँको अधिकांश जग्गा गुठी संस्थानको नाममा रहेकाले सुधारका कार्य गर्न केही कठिनाइ भइरहेकाले गुठीसँग समन्वय गरेर आवश्यक जग्गा भाडामा लिएर फोहोर व्यवस्थापनलगायतका काम गरिने र त्यसले अहिलेको अवस्थामा थप सुधार हुने उहाँले बताउनुभयो । "जनकपुरधामको मुख्य विशेषता नै धार्मिक मठमन्दिर हुनु हो, यसको उचित व्यवस्थापन हुनसके त्यसबाट अझ धेरै लाभ लिन सकिन्छ", उपप्रमुख साहले भन्नुभयो, "पौराणिक धार्मिक नगरीलाई आधुनिक धार्मिक पर्यटकीय नगरीको रुपमा विकास गर्न हामीले मापदण्डअनुसार योजनाबद्धरुपमा सुधारका काम गर्छौं, पहिलो आर्थिक वर्षमा त्यसको सुरुआत भई आगामी पाँच वर्षभित्र साँच्चै धार्मिक पर्यटन नगरीका रुपमा यहाँको विकास हुनेछ । त्यस कार्यमा हामी सबै लागिरहेका छौं ।"

नगरप्रमुख साहले पनि उपमहानगरपालिकाको योजनामा यहाँस्थित गुठीले आवश्यक सहयोग गरेमा पाँच वर्षमा जनकपुर र यहाँका धार्मिकस्थललाई हेर्न लायक बनाउन सकिने दाबी गर्नुभयो । "धार्मिक पर्यटकीय नगरी बनाउने गरी हामीले सुधारको काम थालिसकेका छौं, सडक बाटो, फोहर व्यवस्थापन, छाडा पशुचौपाया व्यवस्थापन र अन्य आवश्यक पूर्वाधार निर्माण गरी हाम्रो कार्यकालभित्रै यो योजना पूरा गर्ने छौं तर यसमा गुठी संस्थानलगायत सबैको साथ र सहयोग अपरिहार्य छ", नगरप्रमुख साहले भन्नुभयो ।

## विश्व समाचार

### डब्लुएओद्वारा युरोपमा तत्काल दादुरा खोप लगाउन आग्रह

कोपेनहेगन, २८ माघ (रासस/सिन्ह्वा) ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) युरोपको क्षेत्रीय कार्यालयले यस क्षेत्रका देशहरूलाई यातशीघ्र लक्षित समूहमा दादुरा खोप लगाउन आग्रह गरेको छ । सन् २०२२ को शुरुवातदेखि दादुराको सङ्क्रमण बढ्दै गएपछि डब्लुएचओले सो आग्रह गरेको हो । डब्लुएचओ युरोपका अनुसार दादुरा खोपको दुई डोजसहितको न्यूनतम ९५ प्रतिशत नियमित कभरेज भाइरसको फैलावट रोक्न र ठूला प्रकोप पुनःबल्भिनबाट रोक्न यो उपाय पर्याप्त हुनेछ । यद्यपि, डब्लुएचओले कोभिड-१९ महामारीको प्रतिरक्षा र खोपको खुराक छुटेका कारण बालबालिका सहित अन्य थुप्रै व्यक्तिहरूमा दादुराको सङ्क्रमण बढेको पाइएकाले यथाशीघ्र खोप अभियानलाई तीव्र पार्न अनुरोध गरेको छ । डब्ल्युएचओले युरोपेली देशहरुलाई पनि ढिलाइ नगरी स्वास्थ्य अनुसन्धान गर्न र दादुराको निगरानी बढाउन आग्रह गरेको छ । सन् २०१८ र २०१९ ठूला दादुराको प्रकोपपछि, लगभग दुई लाख जनामा सङ्क्रमणका घटना उल्लेख गरिएको छ ।

### अफगानिस्तानमा ८०० युवा राष्ट्रिय सेनामा भर्ती

काबुल, २८ माघ (रासस/सिन्ह्वा) ।

अफनिस्तानमा ८०० भन्दा बढी युवाहरू अफगान राष्ट्रिय सेनामा भर्ना भएका छन् । राजधानी काबुल र पश्चिमी हेरात प्रान्तमा तीन महिनाको सैन्य तालिम पाठ्यक्रम पूरा गरी प्रमाणपत्र प्राप्त गरेका ८०० भन्दा बढी अफगान युवाहरू राष्ट्रिय सेनामा भर्ना भएका हुन् । पश्चिमी हेरात प्रान्तको अल-फारुक आर्मी कोर्प्सबाट तीन महिनाको सैन्य प्रशिक्षण पूरा गरेपछि कुल ४८० मुजाहिदीन (पवित्र योद्धा) र काबुल मिलिटरी ट्रेनिङ सेन्टरबाट ३२२ जनालाई केही दिनअघि राष्ट्रिय सेनामा भर्ती गरिएको विज्ञप्तिमा उल्लेख गरिएकको छ । अफगानिस्तानले आफ्नो सिमानाको रक्षा गर्न एक लाख ५० हजार सशक्त राष्ट्रिय सेना निर्माण गर्ने योजना बनाएको रक्षा मन्त्रालयका प्रवक्ता इनायतुल्लाह खवराज्मीले बताएका छन् ।

### चिनियाँ जासुसी बलुनबारे अमेरिकाको थप प्रतिक्रिया

वाशिङ्टन, २८ माघ (रासस/एएनआई) ।

अमेरिकी गुप्तचर समुदायले चिनियाँ जासुसी बलुनलाई पीपुल्स लिबरेसन आर्मीद्वारा सञ्चालित बृहत निगरानी कार्यक्रमसँग जोडेको छ । वाशिङ्टन पोस्टले अमेरिकी अधिकारीहरूले जासुसी निशाना बनाइएका सहयोगी र साझेदारहरूलाई यसबारे जानकारी दिन थालेका छन् । द वासिङ्टन पोस्टका अनुसार चीनको दक्षिणी तटमा रहेको हेनान प्रान्तबाट केही वर्षसम्म सञ्चालन भएको निगरानी बेलुन प्रयासले जापान, भारत, भियतनामलगायत चीनका लागि उदीयमान रणनीतिक चासो भएका देशहरू र क्षेत्रहरूमा सैन्य गतिविधिको जानकारी सङ्कलन गरेको बताइएको छ । अधिकारीहरूका अनुसार पीएलए वायुसेना द्वारा सञ्चालित निगरानी हवाई जहाजहरू पाँच महाद्वीपमा देखाइएको छ । एक अधिकारीले भनेका छन्, "चिनियाँहरूले अविश्वसनीय पुरानो प्रविधि प्रयोग गरेर आधुनिक सञ्चार र निगरानी गर्दै अन्य राष्ट्रका सेनाहरूका गतिविधि नियन्त्रण गर्ने प्रयास गरेको छ ।" न्युयोर्क टाइम्सले पनि यस घटनालाई जोड्दै बाइडेन प्रशासनले शुक्रबारदेखि धेरै चिनियाँ उड्डयन र प्रविधिहरूलाई यसको केही प्रविधिको बिक्रीमा रोक लगाएको छ । वाणिज्य विभागले इजाजतपत्र कारोबारमा रोक लगाउँदै थप पाँच चिनियाँ कम्पनीहरू र एउटा अनुसन्धान संस्थानलाई प्रतिबन्धको सूचीमा समावेश गरेको छ । उद्योग र सुरक्षाका लागि वाणिज्य उपसचिव एलन एस्टेभेजले यो कारबाहीले चिनियाँ सरकारले निगरानीको लागि उच्च-उचाइँ बलुनहरू प्रयोग गरेकामा प्रतिक्रिया दिएको बताएका छन् । आजको कारबाहीले अमेरिकाको राष्ट्रिय सुरक्षा र सार्वभौमसत्तामा हानि पुर्‍याउने संस्थाहरूलाई अमेरिकी प्रविधिको पहुँचबाट काटिनेछ भन्ने स्पष्ट शब्दमा भनेका छन् ।

### सैनिक शिविरमा गोली चल्दा पाँच सैनिकको मृत्यु

मनिला, २८ माघ (रासस/सिन्ह्वा) ।

फिलिपिन्सको दक्षिणी भागमा रहेको उत्तरी मिन्डानाओस्थित सैनिक शिविरमा शनिबार एक सैनिकले निदाएका अन्य सैनिकमाथि गोली प्रहार गर्दा चार सैनिकको मृत्यु भएको छ भने अर्को एक जना गम्भीर घाइते भएको फिलिपिन्सको सेनाले जनाएको छ । हत्याका आरोपित सैनिकको पनि गोली लागी निधन भएको छ । घटना दिउँसो १:१० बजे भएको हो । कागायन डे ओरो शहरको क्याम्प इभान्जेलिस्टा भित्र उक्त घटना भएको हो। कमाण्ड ड्युटी अफिसर आर्मी मेजर एल्डन ब्रिनासका हनुसार चार पीडितको घटनास्थलमै मृत्यु भएको हो । शुरुमा गोली हानेपछि बन्दुकधारीले अर्को कोठामा प्रवेश गर्ने प्रयास गरेको तर अन्य सिपाहीहरूले आक्रमणकारीको बन्दुक कब्जा गरेर उसलाई नै गोली हानेको ब्रिनासले उल्लेख गरेका छन् । अधिकारीका अनुसार गम्भीर घाइते सैनिकको स्थानीय अस्पतालमा उपचार भइरहेको छ । गोली प्रहारको घटनाको अनुसन्धान भइरहेको छ ।

# जेसीज सप्ताहमा बिरामीलाई फलफुल बितरण



**दैनिक समाचारदाता राजविराज, २८ माघ ।**

जेसिज सप्ताह २०२३ अन्तर्गत शनिबार तेसो दिन गजेन्द्र नारायण सिंह अस्पतालका बिरामीहरुलाई फलफुल बितरण गरिएको छ ।

अस्पतालको आकस्मिक बिभागमा रहेको बिरामी र कुपोषण बिभागका बच्चाहरुलाई पोषणयुक्त फलफूल बितरण गरिएको हो ।

राजबिराज जेसिज बर्ष २०२३ का कार्यकारिणी उपाध्यक्ष जेसी सुनित कुमार मुन्नाको अध्यक्षता तथा राजबिराज वडा नं. ६ का अध्यक्ष शशी चौधरीको बिशेष उपस्थितीमा अस्पतालका रेमन्त कुमार यादव, बर्ष २०२१ अध्यक्ष जेसी सिद्धार्थ तातेड, बर्ष २०२३ का महासचिव जेसी रबि राय, उपाध्यक्ष जेसी रिया राय, शाखा सम्पादक जेसी मनिष दास र थिम सम्पादक जेसी रन्जीव साह उपस्थिति रहेको थियो ।

### बढी शेयर पूँजी ...

लागिएको छ । "बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा मापदण्डको पालना गर्नुपर्नेछ", सहकारी ऐनमा गर्न लागिएको संशोधनबारे विधेयकमा उल्लेख छ ।

स्थानीय तहमा दर्ता भई वार्षिक रु २५ करोडसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरीवेक्षण सम्बन्धित स्थानीय तहले नै गर्नेछन् । त्यस्तै स्थानीय तहमा दर्ता भई वार्षिक रु २५ करोडभन्दा बढी र रु ५० करोडसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन प्रदेशबाट गर्ने व्यवस्था गर्न लागिएको छ ।

स्थानीय तह वा प्रदेशमा दर्ता भएका र वार्षिक रु ५० करोडभन्दा बढीको कारोबार भएका सहकारी संस्थाको नियमन भने सहकारी विभागले गर्ने गरी कानुन संशोधन गर्न लागिएको छ ।

### बालविवाह तथा ...

यसैगरी आरोपितलाई बहुविवाहमा रु १० हजार र बालविवाहमा रु तीन हजार जरिवाना समेत भएको छ । यसका साथै आरोपितबाट फौजदारी कसूर पीडित राहत कोषमा रु चार सय जमा गर्नुपर्ने फैसला भएको छ ।

जेठी श्रीमती २१ वर्षीया मेनुकाकुमारी चौधरीले आरोपित श्रीमान्ले १५ वर्षीया बालिकालाई गत मङ्सिर १ गते विवाह गरी घरमा भित्र्याएको भन्दै इलाका प्रहरी कार्यालय कञ्चनरुपमा उजुरी दिएका थिए । प्रहरीले पुस २५ गते आरोपितलाई पक्राउ गरी उजुरी दर्ता गरेको थियो ।

ठूलो संख्यामा बालविवाह हुने सप्तरीमा २०७५ देखि २०७८ सालसम्म प्रत्येक वर्ष एक/एक उजुरी मात्र दर्ता र फछ्र्यौट भएको छ । अदालतको तथ्याङ्कअनुसार आव २०७८/७९ मा तीन उजुरी दर्ता भएकामा हाल दुई बालविवाहका मुद्दा चालु अवस्थामा छन् ।

# स्वास्थ्य सेवा बन्द गर्ने संघको निर्णय

काठमाडौं, २८ माघ (रासस) ।

नेपाल चिकित्सक संघले चिकित्सकमाथि भएको कुटपिटको विरोधमा आइतबार देशभरका स्वास्थ्य संस्थाको आकस्मिक बाहेकका स्वास्थ्य सेवा ठप्प पार्ने निर्णय गरेको छ ।

संघले देशभरका सरकारी तथा गैरसरकारी, निजी, सहकारी स्वास्थ्य संस्था, अस्पताल, निजी तथा सरकारी मेडिकल कलेज, प्रतिष्ठानलगायतका सम्पूर्ण स्वास्थ्य संस्था तथा अस्पतालबाट प्रवाह हुने आकस्मिकबाहेकका अन्य सम्पूर्ण सेवाहरू बन्द गर्ने निर्णय गरेको हो ।

संघका अध्यक्ष डा. लोचन कार्कीले राष्ट्रिय ट्रमा सेन्टरका वरिष्ठ अर्थोपेडिक सर्जन डा.जनिथलाल सिंहलगायत अन्य चिकित्सक तथा स्वास्थ्यकर्मीहरू माथि प्रहरीले लाठी चार्ज गरी घाइते बनाएको घटनाप्रति संघले गम्भीर ध्यानकर्षण भएको बताउनुभयो ।

स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रको शान्ति सुरक्षाका निम्ती आवश्यक व्यवस्थापन गर्न तथा सुरक्षाको नाममा भीभीआईपीको सवारीबाट आम सर्वसाधारणले पाइरहेको दुःख र सास्तीलाई सदाको लागि अन्त गरी उचित विधि स्थापित गर्न संघको कार्यकारिणी समितिको आकस्मिक बैठकले उक्त निर्णय गरेको प्रेस विज्ञप्तिमा उल्लेख गरेको छ ।

### बीस कानुन ...

गर्न इजाजत लिनुपर्ने व्यवस्था राख्न विधेयकमा प्रस्ताव गरिएको छ । "नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेका क्षेत्रमा सोही सूचनामा उल्लेख भएको क्षेत्रफल वा रकमको सीमाभन्दा बढीको घरजग्गासम्बन्धी कारोबार गर्दा इजाजत लिनुपर्नेछ", विधेयकमा भनिएको छ ।

त्यस्तै, पर्यटन ऐनमा क्यासिनोसँग सम्बन्धित व्यवस्था संशोधन गर्न लागिएको छ । नेपाल राष्ट्र बैंक ऐनमा संशोधन गरेर बचत तथा ऋणको कारोबार गर्ने संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षणको काम राष्ट्र बैंकको अधिकार क्षेत्रभित्र ल्याउन लागिएको छ ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध बनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं
➢खुल्ला स्थानमा दिसापिसाब नगरौं।
➢शौचालयमा मात्र दिसापिसाब गरौं।
➢दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
➢हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
➢सफा कपडा वा तौलियाले हात पुछौं।
जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
Prabhu Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np